लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

# सडक पूर्वाधार विकास कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

☎ ९८५७०८१४०२

प.सं.-०८२/०८३
च.नं.

मिति २०८३/०३/०४

जो जससँग सम्बन्धित छ ।

**विषय : भुक्तानी लिने दिने सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) मा रहेको प्रावधान अनुसार आर्थिक वर्ष समाप्त हुनुभन्दा एक हप्ता अगाडी नै महालेखा नियन्त्रक कार्यालयको विद्युतीय भुक्तानी प्रणाली बन्द हुन जाने भएकोले सो समय सीमा पछाडी यस कार्यालयबाट कुनै किसिमको भुक्तानी हुन नसक्ने विषय सबैलाई जानकारी भएकै हो । विगतका केही आर्थिक वर्षहरुको उदाहरण हेर्दा समेत असार महिनामा भुक्तानी प्रणालीमा अत्याधिक चाप पर्ने जसले गर्दा सर्वरले काम नगर्ने लगायतका कारणले गर्दा प्रयास गर्दागर्दै पनि भुक्तानी छुट्न जाने समस्या रहेको देखिन्छ । अतः चालु आ.व.२०८२/०८३ का लागि यस कार्यालयसँग सम्झौता गरेका सबै निर्माण व्यवसायी तथा आपूर्तिकर्ताहरुले मिति २०८३/०३/१५ गते भित्र नियमानुसारका कागजातहरु पेश गरी आफुले प्राप्त गर्नुपर्ने भुक्तानी समयमै लिनुहुन जानकारी गराइन्छ । कोही कसैले यस सुचनामा उल्लेखित अवधी भित्र भुक्तानी लिन नआएमा वा छुटेमा सो को जिम्मेवार निज स्वयम नै हुने र तत्पश्चात दावी गरीएको भुक्तानीमा यस कार्यालयको काबु बाहिरको कारणले हुनजाने ढिलाइ प्रति यस कार्यालय जवाफदेही नहुने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

.........................
(हितेन्द्र रायमाझी )
कार्यालय प्रमुख

कार्यालय प्रमुख

समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश
E-mail:ridonawalparasi@gmail.com

CamScanner